REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date: 21.02.2026

## मुख्य मन्त्रि द्वारा भत्सर्ना

मुख्य मन्त्रि प्रेम सिंह तामांगले नयाँ दिल्लीमा आयोजीत भइरहेको प्रतिष्ठित ग्लोबल एआई शिखर सम्मेलनको समयमा कांग्रेस पार्टीका कार्यहरूको कडा निन्दा गर्नुभएको छ,

उहाँले फेस बुक पोस्ट मा भन्नुभएको छ, राष्ट्रले अन्तर्राष्ट्रिय समुदाय समक्ष देशको नवप्रवर्तन , प्राविधिक प्रगति र नेतृत्वको स्थिति मजबुत बनाउन प्रयास गरिरेको छ, समयमा यस्ता व्यवधानले हाम्रो विश्वसनीयतालाइ जोखिममा पार्न सक्छ, । विपक्षी दलको भूमिका लोकतन्त्रको महत्वपूर्ण स्तम्भ हो, तर कांग्रेस पार्टीका यस्ता प्रयासले भारतको वैश्विक छविलाइ धब्बा लगाउने काम गरेको छ, उहाँले राष्ट्रीय हित सधैं दलगत राजनीति भन्दा माथि हुनुपर्दछ, र कांग्रेस पार्टीको यस्तो कार्य कहिल्यै स्वीकार्य नहुने उल्लेख गर्नुभएको छ ।

## पूर्व राज्यपालको सिक्किम भ्रमण

सिक्किमका पूर्व राज्यपाल श्री गंगा प्रसाद २१ फेब्रुअरीदेखि २४ फेब्रुअरी सम्म चारदिने भ्रमणका लागि आज सिक्किम आइपुग्नुभएको छ । रंगपो टूरिस्ट फैसिलिटेशन सेन्टरमा उहाँको आगमनमा पर्यटन विभाग र सिक्किम पर्यटन विकाश निगम का अधिकारीहरूले भव्यताका साथ स्वागत गरेका थिए।

## गेजिंग जिल्लाकी प्रमुख शिक्षा अधिकारी को भ्रमण

गेजिंग जिल्लाकी प्रमुख शिक्षा अधिकारी पेमा ग्यालछेन भुटियाको नेतृत्वमा एक टोलीले फेब्रुअरी २० तारिकका दिन जिल्लाका विभिन्न विद्यालयहरूको शैक्षिक निरीक्षण भ्रमण गरेको छ। यस टोलीमा जिल्ला शिक्षण एवं प्रशिक्षण संस्थान (DIET) की प्राचार्य पारुमिता राई फ्याकल्टी धिरज क्षेत्री, युकसोम अनि चोंगरांग BAC का सहायक निर्देशक सम्मिलित थिए।

भ्रमणका क्रममा टोलीले निर्धारित आकांक्षि विद्यालयहरू, मांगताबोंग, टिङ्टिङ, प्राथमिक विद्यालय एवं अपर गेरेथांग निम्न मध्यनिक विद्यालय र जिल्लाको सर्वश्रेष्ठ प्रदर्शन गर्ने विद्यालयहरू मध्ये एक लेथांग प्राथमिक विद्यालय रहेको थियो। यो भ्रमण जिल्ला शिक्षा कार्यालय, गेजिंग , र डीआईईटी गेजिंग द्वारा आकांक्षि र उच्च प्रदर्शन गर्ने विद्यालयहरू आयोजन गरिएको बताइएको छ

## पाक्योंग जिल्ला पालको सभा

पाकिमका जिल्लापाल , श्री रोहन अगओणेको अध्यक्षतामा आज जिल्ला प्रशासनिक केन्द्र, पाक्योंगको सम्मेलन हॉलमा जंगली आगो , पिउने पानीको बढ्दो समस्या र एवियन इन्फ़्लुएन्जा सम्बन्धमा एक समन्वय बैठक बसेको छ,

जसमा आपत्कालीन परिस्थितिबाट उत्पन्न हुने कुनै पनि संकटलाई रोक्नको लागि तयारी, उपायहरूको मूल्यांकन र अन्तर-विभागीय समन्वय बढाउने उद्देश्य बारे चर्चा गरिएको छ। बैठकमा पानीको अभाव, जंगलमा आगलागी रोकथाम, र जिल्लामा बर्ड फ्लूको प्रकोपसँग सम्बन्धित विभाग र अधिकारीहरु संग, यस सम्बन्धका तयारी, प्रक्रिया र उपायहरूमा छलफल गरिएको थियो।

## श्रम विभागको सभा

राज्यको श्रम विभागले सचिव भिम ठटाल को सक्रियतामा विभागका अधिकारी र कर्मचारीहरूको लागि हरेक शनिबार दिउँसो प्रशिक्षण र सञ्चालन कार्यक्रम सुरु गरेको छ। यस प्रशिक्षण को उदेश्य विभागका अधिकारी र कर्मचारीहरू बीचको वर्तमान कार्य स्तर र अपेक्षित कार्य स्तर बीचको कार्यक्षमता अन्तरलाई कम गर्ने लक्ष्य राखेको बताइएको छ।

विभागले विभिन्न अनलाइन प्रशिक्षणहरू गर्न IGOT KARMAYOGI प्लेटफार्ममा अधिकारी र कर्मचारीहरूलाइ तीव्रतासाथ संग्लन गराउने काम गरिरहेको छ भनि एक प्रेस विज्ञप्तिमा जनाइएको छ

, KARMAYOGI एक अनलाइन प्लेटफार्म हो, जुन श्रम विभागले अपनाएको छ, । श्रम सचिव, भीम ठटालले जिल्ला कार्यालयहरूलाइ पनि यस्तै प्रकारका कार्यक्रम आयोजन गर्न निर्देश दिनुभएको छ,

<u>बुक फेयर पोस्टर अनावरण</u>

आगामी १३ देखि १५ मार्चसम्म एमजी मार्ग, गैंगटोकमा सिक्किम पुस्तक मेला २०२६ आयोजित हुनेछ । यो कार्यक्रम २४ आवर्स इंस्पायर्ड द्वारा जिल्ला प्रशासन गैंगटोकसँग को सहकार्यमा, र ऑक्सफोर्ड बुकस्टोर द्वारा संचालित गरिरहेको छ। तीनदिने मेलाले वाचन संस्कृति प्रवर्धन गर्ने र लेखक, प्रकाशक, र पुस्तक प्रेमीहरूलाल एकत्रित गर्ने लक्ष्य राखेको छ।

सिक्किम पुस्तक मेला २०२६ को आधिकारिक पोस्टर आज जिल्ला प्रशासनिक केन्द्र गैंगटोकमा जिल्लापाल तुषार निखारे को उपस्थितिमा अनावरण गरियो ।